अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री हात्तीखाल सामुदायिक वन उपभोक्ता समूह

**शान्तिनगर गाउँपालिका वडा नं. ५ बागढोई, दाङ**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०३।१८**

श्री हात्तीखाल सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं. ५ बागढोई, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित शान्तिनगर गाउँपालिका वडा नं. ५ झुण्डी, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | न्यूनतम | | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य रु. | |
| १ | खयर | गोलिया | N | ५८४ | ५८८.१९ | १००० | ५८८१९० | १६५७४२ |
| | सिमल | गोलिया | N | ४४ | २६१.७७ | १५० | ३९२६६ | |
| | जम्मा | | | ६२८ | ८४९.९६ | | ६२७४५६ | |
| नोटः संकलन खर्च गोलिया काठको प्रति क्यू.फि. रु.१९५।- | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०४।०६ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
   (क) अन्तिम मितिः २०८३।४।०७ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड तुलसीपुर, दाङ शाखामा रहेको खाता नं. ४१६०१००००२८५६००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस हात्तीखाल सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गाउँपालिका वडा नं. ५ झुण्डी, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

# श्री हात्तीखाल सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं. ५ बागढोई, दाङ

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०४।०७ गते वा सो दिन सार्वजनिक बिदा परेको खण्डमा सो को भोलिपल्ट यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतितिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



**रासायनिक मल लिन भीड** : नेपालगञ्जस्थित जिल्ला सहकारी संघमा बुधबार रासायनिक मल लिनका लागि लागेको किसानको भीड । अहिले बाँकेका स्थानीय तहमा कोटा प्रणालीमा रासायनिक मल वितरण भइरहेको छ । *तस्बिर: युवराज पाण्डे/रासस*

# राप्तीमा मगर भाषा प्रशिक्षण

**युगबोध समाचारदाता**

सिसहनियाँ, १७ असार । मगर भाषा संरक्षण, संवर्द्धन तथा नयाँ पुस्तामा मातृभाषाप्रति जागरण ल्याउने उद्देश्यले राप्ती गाउँपालिकामा सञ्चालन गरिएको १० दिने मगर भाषा कक्षा सम्बन्धी प्रशिक्षण सकिएको छ ।

राप्ती गाउँपालिका-८ पिपरीमा नेपाल मगर संघ राप्ती गाउँपालिकाको आयोजना तथा राप्ती गाउँपालिकाको आर्थिक सहयोगमा प्रशिक्षण कार्यक्रम गरिएको हो । नेपाल मगर संघ राप्ती गाउँपालिकाका अध्यक्ष हिराबहादुर झाँक्री मगरको अध्यक्षता तथा राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै अध्यक्ष विष्टले भाषा, कला, संस्कृति र परम्परा कुनै पनि समुदायको अस्तित्व र पहिचानको आधार भएको बताउनुभयो । उहाँले आधुनिकता र विश्वव्यापीकरणको प्रभावका कारण मातृभाषाको प्रयोग घट्दै गइरहेको अवस्थामा यस्ता प्रशिक्षण कार्यक्रमले भाषा संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

अध्यक्ष विष्टले मगर समुदाय नेपालको समृद्ध सांस्कृतिक सम्पदा बोकेको समुदाय भएको उल्लेख गर्दै आफ्नो मातृभाषा जोगाउन नयाँ पुस्तालाई भाषासँग जोड्न आवश्यक रहेको बताउनुभयो । भाषा हराउँदै गए समुदायको इतिहास, संस्कृति र पहिचानसमेत संकटमा पर्ने भएकाले मातृभाषाको संरक्षण र प्रवर्द्धनमा सबैले ध्यान दिनुपर्ने उहाँको भनाइ थियो । उहाँले राप्ती गाउँपालिकाले सबै




जातजाति, भाषा, धर्म तथा संस्कृतिको सम्मान गर्दै संरक्षण र प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउँदै आएको उल्लेख गर्नुभयो । मातृभाषा संरक्षणको अभियान घरपरिवारबाटै शुरु हुनुपर्ने बताउँदै उहाँले बालबालिकालाई आफ्नै भाषामा बोल्न र सिक्न प्रोत्साहित गर्न अभिभावकलाई आग्रह गर्नुभयो । मगर भाषाको अध्ययन, अनुसन्धान तथा पुस्तान्तरणका लागि गाउँपालिका आवश्यक सहयोग गर्न प्रतिबद्ध रहेको समेत उहाँले बताउनुभयो ।

'मगर भाषा हाम्रो पहिचान, मगर लिपि हाम्रो गरिमा' भन्ने मूल नाराका साथ सञ्चालन गरिएको उक्त प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरूलाई मगर भाषाको आधारभूत ज्ञान, लिपि, लेखन तथा बोलचाल सम्बन्धी सीप प्रदान गरिएको थियो । प्रशिक्षण कार्यक्रममा २७ जनाको सहभागिता थियो । प्रशिक्षणको सहजीकरण नेपाल मगर संघ लुम्बिनी प्रदेश महिला उपाध्यक्ष तथा मगर लेखक संघ केन्द्रीय भाषिक उपाध्यक्ष इराधा झाँक्री मगरले गर्नुभएको थियो । कार्यक्रममा नेपाल मगर संघ राप्तीका सहसचिव बेलबहादुर बुढा मगर, नमूना आँपखोली खानेपानी उपभोक्ता समितिका अध्यक्ष जितबहादुर पुन मगर, पुर्ख्यौली मगर भैलो समूहका अध्यक्ष चुराबहादुर घर्ती मगर, मगर संग्रहालय पिपरीका कोषाध्यक्ष रणबहादुर थापा मगर लगायतको सहभागिता थियो ।

नेपाल मगर संघ राप्ती गाउँपालिका वडा नम्बर २ का अध्यक्ष शिव राना मगरको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण संघका गाउँपालिका सचिव टीकाबहादुर बुढा मगरले गर्नु भएको थियो ।

# पञ्चकोशी कप भलिवलको उपाधि सल्यानलाई

❑ **बुद्धि पुन**

सल्यान, १७ असार । कर्णाली प्रदेशस्तरीय सर्वाधिक पुरस्कार राशिको पञ्चकोशी कप पुरुष भलिबल प्रतियोगिताको उपाधि सल्यानले ऐतिहासिक ढंगले आफ्नो नाममा लेखाएको छ ।

दैलेखको दुल्लुमा आइतबारदेखि सञ्चालन भएको प्रतियोगिताको बुधबार सम्पन्न फाइनलमा बलियो टोली सुर्खेतलाई लगातार तीन सेटमा पराजित गर्दै सल्यान पहिलो पटक पञ्चकोशी कपको च्याम्पियन बनेको हो । फाइनल खेलमा शुरुदेखि नै उत्कृष्ट लयमा देखिएको सल्यानले सुर्खेतलाई २५-१३, २५-२० र २५-२० को सोझो सेटमा हराउँदै उपाधिसँगै नगद तीन लाख रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र हात पार्यो । उपविजेता बनेको सुर्खेतले दुई लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गरेको छ । कर्णाली प्रदेश भलिबल संघको आयोजनामा, कर्णाली प्रदेश खेलकूद विकास परिषद्को आर्थिक सहयोग तथा नगर खेलकुद विकास समिति, दुल्लु नगरपालिकाको सहआयोजनामा सम्पन्न प्रतियोगितामा कर्णाली प्रदेशका दश जिल्लाका टोली सहभागी भएका थिए ।

सल्यानले प्रतियोगिताभर अपराजित यात्रा कायम राख्दै सबै प्रतिस्पर्धीलाई सोझो सेटमा पराजित गरेको थियो । कुनै पनि खेलमा सेट नगुमाई उपाधि जित्नु सल्यानका लागि थप गौरवको विषय बनेको छ । टिम व्यवस्थापक सुरेन्द्र चन्दका अनुसार, कर्णाली प्रदेशकै सर्वाधिक पुरस्कार राशिको भलिबल प्रतियोगितामा सल्यानले पहिलो पटक उपाधि जितेर नयाँ इतिहास रचेको हो । उहाँले यो सफलताले जिल्लाको भलिबल खेलप्रति खेलाडी, प्रशिक्षक तथा समर्थकको उत्साह थप बढाएको बताउनुभयो । प्रतियोगितामा सल्यानका उत्कृष्ट खेलाडी गंगाराम शर्मा 'बेस्ट प्लेयर' घोषित हुनुभयो । उहाँको उत्कृष्ट प्रदर्शनले टोलीलाई उपाधिसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेको आयोजकले जनाएको छ । सल्यानका प्रशिक्षक विनोद चन्दले यो उपाधिले जिल्लाका खेलाडीको मनोबल उच्च बनाएको बताउँदै आगामी दिनमा राष्ट्रियस्तरका प्रतियोगितामा अझ उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले खेलाडीलाई निरन्तर प्रोत्साहन, नियमित प्रशिक्षण र आवश्यक लगानी भए सल्यानले अझ ठूला प्रतियोगितामा पनि सफलता हासिल गर्न सक्ने धारणा राख्नुभयो ।

पञ्चकोशी कपको उपाधिसँगै सल्यानले कर्णाली प्रदेशको भलिबलमा आफ्नो बलियो उपस्थिति पुन: स्थापित गरेको छ । अपराजित यात्रासहित प्राप्त यो सफलताले जिल्लावासीमा खुशीको माहोल सिर्जना गर्नुका साथै आगामी प्रतियोगिताप्रति खेलाडी र समर्थकको अपेक्षा पनि थप बढाएको छ । प्रतियोगितामा रुकुम पश्चिम तृतीय र कालीकोट चौथो भएका छन् ।

## रास्वपाका तीन केन्द्रीय आयोगमा पदाधिकारी मनोनयन

काठमाडौं, १७ असार (युस)- राष्ट्रिय स्वतन्त्र पार्टीले तीन केन्द्रीय आयोगमा पदाधिकारी मनोनयन गरेको छ । प्रथम राष्ट्रिय महाधिवेशनपछि बुधबार भएको पहिलो केन्द्रीय समिति बैठकले केन्द्रीय निर्वाचन, लेखा र अनुशासन आयोगमा पदाधिकारी मनोनयन गरेको हो ।

केन्द्रीय निर्वाचन आयोग र लेखा आयोगको पुरानो संरचना विघटन गरी यसअघिका पदाधिकारीलाई जिम्मेवारी दिइएको बैठकपछि महामन्त्री विपिनकुमार आचार्यले जानकारी दिनुभयो । बैठकले अनुशासन आयोगको प्रमुखमा कास्कीको अन्नपूर्ण गाउँपालिकाका लेखनाथ पौडेललाई मनोनीत गरेको छ ।

## डुबेर बालिकाको मृत्यु

घोराही, १७ असार (युस)- घोराही उपमहानगरपालिका-४ लक्ष्मीपुरकी १० वर्षीया आशिका घर्तीको स्थानीय तालमा डुबेर ज्यान गएको छ ।

सुनपुर सामुदायिक विद्यालय कक्षा ४ मा अध्ययनरत बालिका पेट दुख्यो भन्दै विद्यालयबाट घर फर्किने क्रममा तालमा पौडी खेल्न गएको र डुबेर वेपत्ता भएपछि प्रहरीले उद्धार गरी अस्पताल पुऱ्याएको थियो । अस्पताल पुऱ्याउना साथ चिकित्सकले बालिकालाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ ।

## आठ....

स्थानीय तहलाई दिएको अधिकारको प्रभावकारी कार्यान्वयन गर्न कानुन निर्माणलाई प्राथमिकतामा राखिएको संयोजक योगीले बताउनुभयो ।

कानुन निर्माणसँगै तिनको प्रभावकारी कार्यान्वयन पनि उत्तिकै चुनौतीपूर्ण हुने भएकाले अब उपमहानगरपालिकाले कार्यान्वयन पक्षलाई थप बलियो बनाउनुपर्ने आवश्यकता देखिएको छ । कतिपय कानुन निर्माण भइसके पनि कार्यान्वयन गर्न नसकिएको तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख टीकाराम खड्काले बताउनुभयो । 'भूमि लिजमा दिनेसम्बन्धीको कार्यविधि २०७७ सालमा नै निर्माण भएको हो । जसमा जमिन बाँझो राख्न नपाइने कुरा पनि उल्लेख छ । जो समस्या पछिल्लो समय समाधान भएको छ, एकाध घडेरीबाहेकको जमिन बाँझो राखेको देखिदैन'- उहाँले भन्नुभयो- 'यो कार्यविधिको मुख्य उद्देश्य परम्परागतढंगबाट खेती भइरहेका खेतीयोग्य जमिनलाई व्यावसायिकरुपमा खेती गर्नका लागि सके स्वयं जग्गा धनीले व्यावसायिक खेती गर्ने, नसके व्यावसायिक रुपमा खेती गर्न चाहने व्यक्तिलाई लिजमा दिनुपर्ने भन्ने हो । त्यसलाई कार्यान्वयन गर्न सकिएको छैन ।'

**पास भएनन् ५ वटा कार्यविधि**

सञ्चार कार्यविधि-२०८२, दूध उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि-२०८२, खेलकूद विकास समिति गठन तथा सञ्चालन कार्यविधि-२०८२, आर्थिक सहायतासम्बन्धी कार्यविधि-२०८३ र तुलसीपुर बहुउद्देश्यीय कम्प्लेक्स भवन सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८३ मस्यौदाको चरणमा रहेका छन् । सरोकारवालासँगको छलफल र आवश्यक परामर्श हुन नसक्दा ती कार्यविधिहरु मस्यौदाकै चरणमा अल्झिएको विधायन समितिका संयोजक योगीले बताउनुभयो । आवश्यकताका आधारमा कानुन निर्माण गर्नुपर्ने र बनेका कानुन नागरिकसम्म पुग्ने, व्यवहारमा लागू हुने र त्यसको प्रतिफल जनताले अनुभूत गर्ने अवस्था सिर्जना हुन सके मात्रै विधायन समितिको प्रयासले सार्थकता पाउने कुरामा आफू जानकार हुँदाहुँदै पनि विभिन्न अवरोधका कारण कामलाई टुंगोमा पुऱ्याउन नसकिएको उहाँले स्वीकार्नुभयो । साथै आगामी दिनमा पनि समिति समयानुकूल नयाँ कानुन निर्माण, आवश्यक संशोधन तथा परिमार्जनलाई निरन्तरता दिदै स्थानीय शासनलाई थप सक्षम र उत्तरदायी बनाउन प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

## मासुपसलमा....

फ्रिज सफा नगरेको फेला परेको थियो । काट्ने स्थल पनि सफा नभएकाले ध्यान दिन भनिएको छ । यस्तै मुन्ना फ्रेस हाउसलाई मार्वल लगाई व्यवस्थापन गर्न र आन्द्रा र मासु पनि अलग फ्रिजमा राख्न सुझाव दिइएको छ । त्यस्तै नुर मासु पसलमा हड्डी राख्ने टेबुल पनि कुहिएको फोहोर, भित्ता तथा भुईं मासु पसलको मापदण्ड अनुसार नभएको भेटाएको थियो । नापतौल मेशिन प्रमाणित नगरेर चलाएको भन्दै जफत गरेर लगेको थियो ।

समिर राँगा मासु पसलबाट पनि एकथान नापतौलको मेसिन जफत गरी लगेको छ । कानुनी कारवाहीका लागि उपमहानगरपालिकामा उपस्थित हुन निर्देशन दिइएको छ । सरसफाइको अवस्था अत्यन्त नाजुक, मासु खुला राखेको, फ्रिजमा आवश्यक तापक्रम नभएको, कुहिएको बिग्रेको मासु पनि फ्रीजमा फेला परेको थियो । प्युठानी पाडा मासुपसलमा मासु वर्गीकरण नगरी सबै किसिमको मिसाइएको थियो भने पुन बंगुरपालन तथा फ्रेस हाउसमा कालो प्लाष्टिकमा मासु राखेको फेला पारेको थियो । त्यस्तो प्लाष्टिकमा मासु राखेर फ्रिजमा नहाल्न सञ्चालक जगदीश पुनलाई निर्देशन दिइएको छ ।

यसैगरी आन्द्रा, भुँडी, मुटु, कलेजो र मासु एकै ठाउँमा राखिएको अवस्थामा फेला परेको अनुगमन टोलीका संयोजक घोराही उपमहानगरपालिका उपभोक्ता हित संरक्षण शाखा प्रमुख मोहनसिंह सुनारको भनाइ छ । कतिपय पसलमा भित्तैभरी मासुका छिटाले झिँगा भन्किरहेका थिए भने मासु काट्ने स्थल अँध्यारो, हावा नचल्ने ठाउँमा भेटियो । यसैगरी कुखुरा र खसीको मासुसँगै राखेको पनि भेटिएको सुनारको भनाइ छ । मासु पसल व्यवसायीले पालना गर्नुपर्ने मापदण्ड २०८१ ले मासु विक्रेताले पालना गर्नुपर्ने शर्तहरुमा मासु स्वस्थ पशुबाट उत्पादन गरेको हुनुपर्ने, मासुमा पानी छर्कन, पानीमा डुबाउन वा पानीमा भिजाएको कपडाले छोप्न नपाइने, मासु झुण्ड्याउँदा छाना भित्ता भुई वा खम्बामा नछोइने गरी झुण्ड्याउनुपर्ने, मासु तौलने ढक तराजु वा अन्य वस्तु भुईंमा लसपस नहुनेगरी राख्नुपर्ने, प्रयोग नभएको अवस्थामा अचानो टेवुल सफा सँग रहने गरी छोप्नुपर्ने, मासुको आकर्षण बढाउन वा मासु सड्नबाट बचाउन कुनै प्रकारको रङ औषधि वा रसायन प्रयोग नगर्ने, वध गरिएको पशुको भित्र्यांश, आन्द्रा भुँडी, टाउको, खुट्टा, रक्ति जस्ता भाग मासु पसलमै राखी बिक्री गर्न चाहेमा मासुसँग लसपस नहुने गरी अलग्गै राखी बिक्री गर्नुपर्ने भनेर मापदण्ड तोकेको छ ।

## चार....

**पाठेघर खस्ने समस्या पनि उस्तै**

घोराही उपमहानगरपालिकाले चार वर्षमा गरेको पाठेघरको जाँचका क्रममा प्रजनन् स्वास्थ्य सम्बन्धी समस्या पनि धेरै रहेको पाइएको छ । चार वर्षमा १६ हजार ७ सय ४१ जनाको पाठेघर जाँच गर्दा १ हजार ८ सय २७ जनाको पाठेघर खसेको पाइएको हो । जसमध्ये ५ सय ३८ जनाको पाठेघर सुरक्षाका लागि रिङ पेसरी राखिएको छ । तथ्याङ्कअनुसार आव ७९/८० मा १३१ पाठेघर खसेकोमा ११७ मा रिङ राखिएको छ भने २०८०/८१ मा ४८५ पाठेघर खसेकोमा १५४ मा रिङ राखिएको हो । यस्तै आव २०८१/८२ मा ९४९ पाठेघर खसेकोमा १८३ रिङ राखियो भने चालु आव ०८२/८३ मा २६२ पाठेघर खसेकोमा ८४ जनाकोमा रिङ पेसरी राखेर उपचार गरिएको छ । त्यस्तै सेतो पानी बग्ने, चिलाउने, पाठेघरको संक्रमण हुनेजस्ता थुप्रै प्रजनन् समस्याको पनि उपचार गरिएको छ । घोराहीले यी सबै सेवा निःशुल्क गरिरहेको छ ।

**श्रीमान्ले सार्छन् रोग**

स्वास्थ्यकर्मीहरुले महिलाको प्रजनन् स्वास्थ्य समस्यामा पुरुषको संलग्नता हुने बताएका छन् । खासगरी पाठेघरको मुखको क्यान्सर, यौन रोगलगायतका समस्या पुरुषका कारणले पनि धेरै उब्जिने शाखा प्रमुख राधा पौडेलले बताउनुभयो । 'महिलाहरुले पनि सरसफाइमा ध्यान दिनैपर्छ । तर पुरुषहरुको लापरवाहीले शारीरिक सम्बन्धका क्रममा रोग सार्ने तथा श्रीमानले सरसफाइमा ध्यान नदिदा चिलाउने, यौन रोगहरुको संक्रमण हुने र पाठेघरको मुखको क्यान्सरजस्ता समस्या आउने जोखिम हुन्छ'- शाखा प्रमुख पौडेलले भन्नुभयो- 'सबैभन्दा पुरुषले सरसफाइमा उत्तिकै ध्यान दिनुपर्छ । सरसफाइमा ध्यान नदिदा महिलाको प्रजनन् स्वास्थ्यमात्रै होइन ज्यानै जोखिममा पर्छ । त्यसैले सरसफाइ र नियमित जाँच जरुरी छ ।'

# विश्वविद्यालय राष्ट्रिय शैक्षिक पात्रो कार्यान्वयनमा

**युगबोध समाचारदाता**

काठमाडौं, १७ असार । उच्च शिक्षाको शैक्षिक क्रियाकलापलाई व्यवस्थित, योजनाबद्ध र प्रभावकारी बनाउन विश्वविद्यालय अनुदान आयोगले राष्ट्रिय शैक्षिक पात्रो विकास गरी कार्यान्वयनमा ल्याएको छ ।

विश्वविद्यालयहरूको शैक्षिक गतिविधिलाई एकीकृत र पात्रोमा आधारित बनाउन आयोगले विश्वविद्यालयहरूसँगको समन्वयमा राष्ट्रिय शैक्षिक पात्रो लागु गरेको हो । शिक्षा तथा खेलकूद मन्त्रालयले मंगलबार मन्त्रीस्तरीय निर्णयमार्फत पूर्वस्वीकृत भई कार्यान्वयनमा रहेको उच्च शिक्षाको राष्ट्रिय शैक्षिक पात्रोसम्बन्धी प्रतिवेदन, २०८० लाई समयानुकूल परिमार्जन गरी नयाँ राष्ट्रिय शैक्षिक पात्रो स्वीकृत गरेको छ । साथै, आवश्यक कार्यान्वयनका लागि विश्वविद्यालय अनुदान आयोगमार्फत सबै विश्वविद्यालयहरूमा परिपत्र गर्ने निर्णय पनि गरिएको मन्त्रालयले जनाएको छ । एकीकृत राष्ट्रिय शैक्षिक पात्रो कार्यान्वयनमा आएसँगै विश्वविद्यालय शिक्षा सुधारमा फड्को हुने आयोगको विश्वास छ ।

शासकीय सुधारसम्बन्धी सरकारको सयदिने कार्यसूचीको बुँदा नम्बर ८७ मा विश्वविद्यालयहरूबाट लिइने स्नातक र स्नातकोत्तर परीक्षाको नतिजा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको पात्रोअनुसार निकाल्ने लक्ष्य राखिएको थियो । त्यसलाई शिक्षा तथा खेलकूद मन्त्रालयले विश्वविद्यालय अनुदान आयोगमार्फत कार्यान्वयनमा ल्याएको हो । विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ को उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिम पात्रो कार्यान्वयन गरिनेछ । साथै, आवश्यक विषयहरू अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम समावेश गरी आयोगमार्फत विश्वविद्यालयलाई कार्यान्वयनका लागि निर्देशन दिइनेछ ।

आयोगका उपनिर्देशक रमेशप्रसाद अधिकारीका अनुसार परिमार्जित राष्ट्रिय शैक्षिक पात्रो कार्यान्वयनसँगै विश्वविद्यालयहरूमा भर्ना, अध्यापन, परीक्षा, नतिजा प्रकाशनलगायत शैक्षिक गतिविधि निर्धारित समय तालिकाअनुसार सञ्चालन हुनेछ । यसअघि आयोगले तयार गरेको शैक्षिक पात्रो २०८० साल भदौ २९ मा मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भई कार्यान्वयनमा आएको थियो । बदलिदो शैक्षिक आवश्यकता र समयानुकूल सुधार गर्न आयोगले शैक्षिक पात्रो परिमार्जन समिति गठन गरेको थियो । समितिको २०८३ जेठ १२ गतेको निर्णय तथा सिफारिसका आधारमा पात्रोमा आवश्यक संशोधन गरी मन्त्रालयमा स्वीकृतिका लागि प्रस्ताव पठाइएको थियो ।

# स्थानीयको एकताले गाउँमा लागूऔषध दुर्व्यसन न्यूनीकरण

तुलसीपुर, १७ असार (रासस)- पातुखोलाका स्थानीयले यहाँका लागूऔषध दुर्व्यवस न्यूनीकरण गर्न सफल भएका छन् ।

त्यसो त दुर्व्यर्सन न्यूनीकरण मात्र होइन, समाजमा अन्य विकृतिजन्य क्रियाकलाप गर्नेलाई पक्राउ गरी प्रहरीलाई बुझाउन थालेपछि दुर्व्यवसनी तथा समाजमा गैरकानुनी काम गर्नेको संख्या न्यूनीकरण हुँदै गएको हो । यसअघि यहाँ हुने झै-झगडा, कुटपिटजस्ता गैर कानुनी गतिविधि हुनेगरेका थिए । अहिले हरेक साँझ समुदायका नागरिक एकजुट भएर गस्ती गर्छन् । जसले गर्दा समाजमा अनाधिकृत कार्य कम हुँदै गइरहेका छन् ।

तुलसीपुर-५ मा पर्ने सोही ठाउँका १० वटा टोलका नागरिक मिलेर त्यस्ता गतिविधि न्यूनीकरण गर्न अभियान सञ्चालन गरेका स्थानीय वीरेन्द्र विकले बताउनुभयो । उहाँले भन्नुभयो- 'हामीले हरेक साँझ यो अभियान चलाइरहेका छौं'- 'जसले गलत प्रवृत्तिका मान्छे गाउँमा छिर्न सक्दैनन् ।' गाउँ नजिकै बसपार्क छ । जसले अनधिकृत गतिविधि बढेको थियो । ज्ञानज्योति आधारभूत विद्यालयका प्रधानाध्यापक मेघराज घिमिरेले बताउनुभयो । उहाँले गस्तीका कारण घरमा निदाउने वातावरण तयार भएको बताउनुभयो ।

गत वर्ष फागुन ७ गतेदेखि शुरु भएको यो अभियान निरन्तर सञ्चालन भइरहेको छ । यस्ता अभियान समुदायस्तरबाट सञ्चालन भएमा त्यसले समाजलाई सही मार्गमा लैजाने तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताउनुभयो । 'समाजलाई सही मार्गमा लैजाने जिम्मेवारी समुदायको पनि हो'- उहाँले भन्नुभयो- 'त्यसका लागि समाज मिलेर यस्ता कार्य निरन्तर गर्न आवश्यक हुन्छ ।'

**लग अन गर्नुहोस्**
www.nayayougbodh.com


## श्री देवीडाँडा सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. ५ तल्नो बबरपुर, दाङ

### गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति २०८३।०३।१८ गते

श्री देवीडाँडा सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. ५ तल्नो बबरपुर, दाङको वनबाट उत्पादन भई बबई गाउँपालिका वडा नं. ५ तल्नो ववरपुर, दाङको घाटगद्दीमा लट बनाई राखिएको साल, असना र अन्य प्रजातिको गोलिया काठ थान ४३५ को २८११.४८ क्यु.फि., साल दाउरा १६.०० चट्टा र अन्य दाउरा ७.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन वमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी वोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष



## श्री हात्तीखाल सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं. ५ बागढोई, दाङ

### गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति २०८३।०३।१८ गते

श्री हात्तीखाल सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गाउँपालिका वडा नं. ५ बागढोई, दाङको वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं. ५ झुण्डी, दाङको घाटगद्दीमा लट बनाई राखिएको खयर र सिमल प्रजातिको गोलिया काठ थान ६२८ को ८४९.९६ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष



## कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं ।
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं ।
- उन्नत बीउ, मल तथा सिंचाइको उचित प्रयोग गरौं ।
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं ।
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं ।
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं ।
- स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं ।
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं ।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com